त्रिभुवन विश्वविद्यालय
परीक्षा नियन्त्रण कार्यालय
बल्खु, काठमाडौं

**५१औं दीक्षान्त समारोह (२०८२) मा भाग लिन Online आवेदन फाराम भर्ने सूचना**

**(वि.सं. २०८१ साल आषाढ १ गतेदेखि २०८२ साल जेष्ठ ३१ गते तदनुसार सन् 15th June 2024 to 14th June 2025 सम्ममा सेमेष्टर तथा वार्षिक परीक्षा प्रणाली अनुसार स्नातक, स्नातकोत्तर तथा एम.फिल तह उत्तीर्ण गरी ट्रान्सक्रिप्ट लिएका विद्यार्थीहरू र सोही अवधि भित्र विद्यावारिधि (पिएच.डी) तह पूरा गर्नेहरूले मात्र फाराम भर्न पाउने)**

त्रिभुवन विश्वविद्यालयद्वारा आयोजना गरिने ५१औं दीक्षान्त समारोहमा भाग लिन माथि उल्लेख भए बमोजिमका तह उत्तीर्ण गरी ट्रान्सक्रिप्ट लिइसकेका इच्छुक विद्यार्थीहरुले त्रि. वि. परीक्षा नियन्त्रण कार्यालय, बल्खुमा मिति २०८२ साल भाद्र १८ गतेदेखि २०८२ साल आश्विन ३१ गतेसम्म आईपुग्ने गरी निम्नानुसार रित पुर्याई Online आवेदन दिन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

आवेदन फारम मिति २०८२ साल भाद्र १८ गतेदेखि Online बाट मात्र भर्न सकिनेछ।
त्रि.वि. परीक्षा नियन्त्रण कार्यालयको Website : student.tuexam.edu.np मा गई Online Form भर्न सकिनेछ।
२०८२ साल आश्विन ३१ गते पछि सो Online Form बन्द हुनेछ।
आवेदन फारम ONLINE भर्दा आवेदन फारमका साथ एम.आर.पि. (MRP) साइजको फोटो, नागरिकताको प्रमाणपत्र र आफूले तह पार गरेको Transcript को Scan Copy अनिवार्य रुपमा Upload गर्नु पर्नेछ।
Online आवेदन Submit गर्दा प्राप्त सम्पूर्ण PDF Documents हरु Print गरी सुरक्षित राख्नु पर्नेछ। दीक्षान्त समारोह सम्वन्धी विस्तृत कार्यक्रमको सूचना प्रकाशित भए पश्चात् गाउन स्कार्फ आदि लिन आउँदा सो Documents परीक्षा नियन्त्रण कार्यालयको तोकिएको शाखामा पेश गरी कार्यालयको छाप लगाई सुरक्षित राख्नु पर्नेछ।

**शुल्क विवरण :**

| तह | दीक्षान्त तथा प्रमाणपत्र शुल्क | गाउन/स्कार्फ धरौटी | जम्मा |
|---|---|---|---|
| क) स्नातक | २,२००।- | १,५००।- | ३,७००।- |
| ख) स्नातकोत्तर तथा एम.फिल. | २,७००।- | १,५००।- | ४,२००।- |
| ग) विद्यावारिधि (पिएच.डी) | ३,२००।- | १,५००।- | ४,७००।- |

दीक्षान्त समारोहमा २ जनासम्म अभिभावक सरिक गराउन सकिनेछ। अभिभावक सरिक गराउने भएमा थप रु.३००।- (फिर्ता नहुने) प्रति अभिभावकका दरले शुल्क लाग्नेछ।
उपरोक्तानुसारको शुल्क नेपाल बैंक लि. वा ग्लोबल IME बैंक लि. मा Online Banking बाट मात्र दाखिला गर्न सकिने छ। शुल्क बुझाउँदा अनिवार्य रुपमा Receipt तथा Transaction ID प्राप्त गरी सुरक्षित राख्नु पर्नेछ। धरौटी रकम फिर्ता गर्ने बैंकको नाम, खाता नं. र खातावालाको नाम निश्चत गरेर मात्र रुपमा लेख्नु पर्नेछ। खाताको कारणले रकम फिर्ता हुन नसकेमा यस प.नि.का.जिम्मेवार हुने छैन।
दीक्षान्त समारोह सम्वन्धी विस्तृत जनकारी परीक्षा नियन्त्रण कार्यालयको Website : tuexam.edu.np मा हेर्न सकिनेछ।
दीक्षान्त समारोह सम्वन्धी विस्तृत कार्यक्रम पछि प्रकाशित गरिनेछ।

**द्रष्टव्य :**

धरौटी रकमबाट रु ३००।- गाउन स्कार्फ आदिको Maintenance Charge कट्टा गरिनेछ।
दीक्षान्त समारोहको एक वर्ष भित्र आ-आफ्नो मूल प्रमाणपत्र लिई सक्नु पर्नेछ अन्यथा त्रि.वि. नियमानुसार थप जरिवाना शुल्क लाग्नेछ।

SK Kalani
नि.परीक्षा नियन्त्रक

Scanned with CamScanner